# बैठक नं. ४१

आज मिति २०७५ पौष २९ गते आइतबार बिहान ८ बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. २ स्थित नगरपालिकाको सभाकक्षमा वसी देहाय बमोजिमको उपस्थिति भयो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सदस्य सचिव | श्री निरन्जन श्रेष्ठ | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानीयाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, आ.टी.अ. | श्री परशुराम चौलागाईँ | |

निर्णय नं. १

यस नगरकार्यपालिका कार्यालयमा बिभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदनहरु मध्ये "घ" वर्गको व्यवसायी इजाजतपत्र सम्बन्धी समितिबाट योग्यता सम्बन्धि कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम्न निवेदक/फर्महरुलाई "घ" वर्गको निमार्ण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| सि.न. | फर्मको नाम | ठेगाना, र प्रोपाईटरको नाम |
|---|---|---|
| १ | ज्ञान निर्माण सेवा | कीर्तिपुर ५, पाँगा, ज्ञान बहादुर महर्जन |
| २ | विल्डर नेपाल डट केटिएम प्रा.लि. | कीर्तिपुर ५, ढल्पा, राजिभ विक्रम विष्ट र भारती अधिकारी |
| ३ | रुद्र कन्ट्रक्सन प्रा.लि. | कीर्तिपुर २, टयाँङ्गलाफाट, पुष्कर पौडेल |

निर्णय नं. २

काठमाण्डौ महानगरपालिकाद्वारा अन्तर नगर साझेदारी कार्यक्रम अन्तरगत यस नगरपालिकामा उपलब्ध हुने रु.१,००,००,०००/- (रु. एक करोड मात्र) बराबरको रकम की.न.पा. १० नयाँबजार स्थित कीर्तिपुर गेट सँगै निर्माण हुने नगर पर्यटन सूचना केन्द्र भवनका लागि माग गर्ने निर्णय गरियो ।

काठमाण्डौ महानगरपालिकाद्वारा अन्तर नगर साझेदारी कार्यक्रम अन्तरगत यस नगरपालिकामा उपलब्ध हुने रु.१,००,००,०००/- (रु. एक करोड मात्र) बराबरको रकम की.न.पा. १,२ र १० मा निर्माण हुने युद्ध स्मारक पार्कमा वाउन्ड्री पर्खाल तथा अन्य निर्माणका लागि माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

वडा नं. ४ सिम झ्वाहिटी स्थित खानेपानी मुहान संरक्षणका लागि प्रथम नगरसभाको निर्णयानुसार सो क्षेत्रलाई जलाधार क्षेत्र घोषणा गर्न/गराउन जिल्ला भु तथा जलाधार संरक्षण कार्यालय, काठमाण्डौबाट प्राप्त प्रतिवेदन अनुसार सो क्षेत्रको अन्दाजी ९ (नौ)

रोपनी जग्गामा स्थायी प्रकृतिको भौतिक संरचना निर्माण गर्न/गराउन नहुने भन्ने उल्लेख भएकोले सो मुताविक नेपाल सरकार संघिय मन्त्रिपरिषदवाट निर्णय गरी सहयोग गरिदिनका लागि नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मंत्रालयमा अनुरोध गर्ने निर्णय गरियो।

<u>निर्णय नं.</u> ४

यस नगरपालिका वडा नं. ३ खासिबजार स्थित भिं पुखु (पोखरी) को संरक्षण, सुधार, र निर्माण गर्नका लागि तयार भएको डिजाईन, ड्रईंग लागत अनुमान अनुसार साझेदारी लागत कार्यक्रम अन्तरगत कार्यान्वयन गरिदिनका लागि खानेपानी सरसफाई तथा ढल निकास विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.</u> ५

यस नगरपालिकाको चालु आ.व. २०७५/०७६ मा प्रदेश नं. ३ सरकारवाट पुष्पलाल पार्क – बोसनमार्ग निर्माण शिर्षकमा विनियोजित रकमवाट यस नगरपालिकाको वडा नं. ४ स्थित प्राचिन बाघभैरवक्षेत्रमा ढलान र तामाङ्गगाउँ जाने वाटो विस्तार, सुधार र निर्माण गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.</u> ६

यस नगरपालिका वडा नं. ३ र छिमेकी चन्द्रगिरि नगरपालिका वडा नं. १५ जोड्ने बल्खुस्थित दिईखु – तिनथाना पुल निर्माणका लागि तयार भएको बृस्तृत आयोजना प्रतिवेदन सहितको डिजाईन ड्रईङ्ग र लागत अनुमान अनुसार साझेदारी लागत कार्यक्रम अन्तरगत कार्यान्वयन गरिदिनका लागि नेपाल सरकार भौतिक पुर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.</u> ७

चालु आ.व. २०७५/०७६ को साझेदारी लागत सहभागिता कार्यक्रम शिर्षकमा निम्न सडक निर्माण विस्तार, सुधार योजनाहरु कार्यान्वयनका लागि प्रदेश नं. ३ भौतिक पुर्वाधार विकास मंत्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

(क)ढल्पा – भत्केपाटी - पुष्पलाल पार्क – चम्पादेवी

(ख)छुगाउँ – लनगोल – टौदह मार्ग

**निर्णय नं. ८**

यस नगरपालिका र छिमेकी चन्द्रागिरि नगरपालिकाको सिमानामा रहेको बल्खु खोला संरक्षण, सम्वर्द्धन, सुधार तथा विकासका लागि यस नगरपालिका र छिमेकी चन्द्रागिरि नगरपालिकाको संयुक्त कार्यदल गठन गर्ने र उक्त कार्यदलमा यस नगरपालिकाको तर्फबाट वडा नं. २,३ र ४ का वडा अध्यक्षहरुलाई प्रतिनिधित्व गराउने निर्णय गरियो।

**निर्णय नं. ९**

तत्कालिन ८ गा.वि.स.हरु (लायकु, पालिफल, चिठु बिहार, बाहिरि गाउँ, पाँगा विष्णुदेवी, पाँगा बालकुमारी, चोभार भुतखेल र चम्पादेवी) मिलाई २०५३ चैत्र १४ गते तत्कालिन सरकारद्धारा स्थापित यस कीर्तिपुर नगरपालिका स्थापना भएको दिनको सम्झनामा प्रत्येक वर्ष चैत्र १४ गतेका दिनलाई **"नगरपालिका स्थापना दिवस"** का रुपमा मनाउने र यस वर्ष २०७५ चैत्र १४ गतेका दिन भव्य रुपमा विभिन्न कार्यक्रम सहित नगरपालिका स्थापना दिवस मनाउनका लागि नगर प्रमुखको संयोजकत्वमा बाकी सदस्य उहाँले पछि मनोनयन गर्ने गरि ५ सदस्यीय **नगर स्थापना दिवस मुल समारोह समिति, २०७५** गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस नगरपालिकाको नगर खेलकुद सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ३ को प्रकरण ४ वमोजिम देहाय बमोजिमका पदाधिकारी रहने गरी कीर्तिपुर नगर खेलकुद समिति गठन गर्ने निर्णय गरियो ।

(क) कीर्तिपुर नगरपालिका युवा तथा खेलकुद विकास सामितका संयोजक एबं नगर प्रमुख, श्री रमेश महर्जन -अध्यक्ष
(ख) युवा तथा खेलकुद विकास समितिका सदस्य, श्री चिनिकाजी श्रेष्ठ - सदस्य
(ग) युवा तथा खेलकुद विकास समितिका सदस्य, श्री दिपेन्द्र विष्ट - सदस्य
(घ) युवा तथा खेलकुद विकास समितिका सदस्य, श्री पवित्रा विष्ट - सदस्य
(ङ) युवा तथा खेलकुद विकास समितिका सदस्य, श्री महेश्वरी माली - सदस्य
(च) युवा तथा खेलकुद विकास समितिका सदस्य, श्री सजिता महर्जन - सदस्य
(छ) १ नं. वडाबाट मनोनित, श्री रोहित महर्जन - सदस्य
(ज) २ नं. वडाबाट मनोनित, श्री भूवन महर्जन - सदस्य
(झ) ३ नं. वडाबाट मनोनित, श्री अजय मानन्धर - सदस्य
(ञ) ४ नं. वडाबाट मनोनित, श्री कृष्णचन्द्र बानीयाँ - सदस्य
(ट) ५ नं. वडाबाट मनोनित, श्री सुशिल श्रेष्ठ - सदस्य

(ठ) ६ नं. वडाबाट मनोनित, श्री सरोज खड्का - सदस्य
(ड) ७ नं. वडाबाट मनोनित, श्री प्रकाश सिंह - सदस्य
(ढ) ८ नं. वडाबाट मनोनित, श्री राजेश महर्जन - सदस्य
(ण) ९ नं. वडाबाट मनोनित, श्री राजु महर्जन - सदस्य
(त) १० नं. वडाबाट मनोनित, श्री राजकुमार महर्जन - सदस्य
(थ) नगर प्रमुखले तोकेको कर्मचारी -सदस्य सचिव

निर्णय नं. ११

यस नगरपालिकाको कीर्तिपुर नगर विकास परिषद्को बैठक बस्दा प्रति बैठक प्रति सदस्य रु. १०००/- (रु एक हजार मात्र) बैठक भत्ता र रु. ५००/- (रु. पाँच सय मात्र) परिवहन खर्च उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२

यस नगरपालिकाको काम कारबाही र सेवा प्रबाहलाई अझ वढि गुणस्तरीय र प्रभावकारी बनाउनका लागि सामान्य प्रशासन समितिबाट सिफारिस भै आए बमोजिम नगर विकास परिषद् सञ्चालन र व्यवस्थापन शिर्षकबाट खाना, खाजा र परिवहन खर्च बापत मासिक रु. १०,०००/- (रु. दश हजार मात्र) उपलव्ध गराउने गरी यस नगरपालिका वडा नं. ३ बस्ने सरु मानन्धरलाई कामकाज गराउने निर्णय गरियो ।

निर्णय नं. १३

प्रत्येक महिनाको पहिलो शुक्रबार नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको उपस्थितिमा सम्पुर्ण शाखा प्रमुख कर्मचारीहरुले अघिल्लो दिन सम्म प्रगति विवरण सहित समस्या र समाधानको उपाय सहित कर्मचारी बैठक बस्ने निर्णय गरियो ।

निर्णय नं. १४

यस नगरपालिकाको पर्यटकिय गुरियोजना निर्माण सम्पन्न गरी परामर्शदाता डिस्कोर्स पब्लिकेसन (डा. तारालाल श्रेष्ठ) ले सम्झौता वमोजिम अध्ययन, विश्लेषण, छलफल गरि निष्कर्षसहित अन्तिम प्रतिवेदन यस नगरपालिकामा पेश गरि भुक्तानी समेत भैसकेकोले उक्त संस्था र डा. तारालाल श्रेष्ठलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

राष्ट्रिय भुकम्प सुरक्षा दिवस, २०७५ यहि माघ ५ गते पुन निर्माण तथा विपद् व्यवस्थापन समितिको आयोजनामा प्लेकार्ड, ब्यानर सहित पदयात्रा गरि मनाउने निर्णय गरियो ।